*NPRC Multilingual Journal* *Vol.1(1)* *Pages: 87-105* *eISSN: 3149-7608*

# नेवाः जंकु संस्कारमा ज्येष्ठ नागरिक सुरक्षा

## (Elderly Safety in Newar Janku Rituals)

**जितेन्द्र लाल श्रेष्ठ**

**(Jitendra Lal Shrestha)**

शोधार्थीः दर्शनाचार्य/विद्यावारिधि, नेपालभाषा केन्द्रीय विभाग

(Research Scholar: M.Phil./PhD, Central Department of Nepalbhasa)

jitendra.807725@cdnb.tu.edu.np

Received: May 12, 2026 Revised & Accepted: July20, 2026

Copyright: Author(s) (2026)

This work is licensed under a Creative Commons Attribution-Non Commercial 4.0 International License.

**लेखसार**

नेपालमा रहेका १४२ जातजातिहरू मध्ये नेवाः समुदाय पनि एक हो । नेवाःहरू नेपालका आदिवासी हुन् । नेपाली समाजमा नेवाः समुदायको मौलिक संस्कृति र सभ्यताको आफ्नै महत्व छ । यस समुदायभित्र रहेका संस्कृति, संस्कार र मान्यताहरू अन्य जातिकाभन्दा फरक पाइन्छन् । नेवाः समुदाय धार्मिक रूपमा हिन्दु र बौद्ध गरी दुई भागमा विभाजन भएको पाइन्छ । यी दुवै खाले नेवाःहरूको आ-आफ्नै संस्कृति, संस्कार र रितिरिवाज छन् । नेवाःहरू समूहमा काम गर्न रुचाउने, समूहबाट निर्णय गर्ने र समूहमै बस्न रुचाउने समुदाय हो । दुवै प्रकारका नेवाःहरूले वर्षभरिका चाडपर्व, धर्म, संस्कृति, जीवन जिउनेक्रममा गरिनुपर्ने लोकव्यवहार र संस्कारहरू मान्दै आएको पाइन्छ । विशेष गरी जीव, जनावर, मानिस, पशु, पंक्षी, जल, जङ्गल जमिन, आकाश, पर्यावरण र प्रकृतिलाई नै देवका रूपमा पुज्ने र संरक्षण गर्ने संस्कार नेवाः समुदायमा प्रचलनमा छन् । नेवाः समुदायमा मानिस जन्मेदेखि मृत्यु नहुँदासम्म गरिने संस्कारहरूले मानिस हुनुको महत्व झल्काउने गरी संस्कृति र संस्कारमा आफूलाई समाहित गर्ने र गराउने गर्दै आएका छन् । जीवनलाई निराशाबाट जोगाएर सदा उत्सवमय बनाउँदै, मेहनत, इमानदारिता, कर्तव्यवोध र कर्तव्य पालना गराउन पनि नेवाः संस्कारले काम गरिरहेको देखिन्छ । ती सोह्र संस्कारहरूमध्ये नेवाः समुदायको महत्वपूर्ण संस्कार जंकु हो । नेवाः समुदायमा बच्चा जन्मेपछि र वृद्ध (ज्येष्ठ नागरिक) भएपछि गरिने दुई प्रकारका जंकु संस्कार छन् । बच्चा छँदा गर्ने जंकुलाई अन्य समुदायमा अन्नप्राशन भन्ने गरिए पनि नेवाः समुदायमा भने 'मचा जंकु' भन्ने गरेको पाइन्छ । उक्त जंकुमा 'मचा जंकु' को पूजाविधि अनुसार जंकु गरिन्छ । अर्को जंकु वृद्धावस्था (ज्येष्ठ नागरिकको सुरक्षा लक्षित) भएपछि गरिने जंकु हो । यसलाई ज्याथः जंकु पनि भनिन्छ । यो जंकु गरिसकेपछि जंकु गरिएका ज्येष्ठ नागरिकलाई देव सरह मान्नुपर्ने प्रचलन छ । जंकु गरिसकेका ज्येष्ठ नागरिकलाई नराम्रो

र नमिठो वचन गर्न नहुने, चित्त दुखाउन नहुने, र ज्येष्ठ भएका ती व्यक्तिका जीवन अनुभव ग्रहण गर्दै नयाँ पुस्ता अगाडि बढ्नुपर्ने परम्परा छ । यसले ज्येष्ठ नागरिकलाई बेसहारा हुनबाट जोगाउने, र उमेर ढल्केसँगै दुर्व्यवहार हुने जस्ता विकृति न्यूनिकरणमा योगदान दिँदै आएको छ । यो संस्कारको महत्व र यस भित्रको जीवन विज्ञान बुझ्न सके परिवार, समाज र मुलुकका लागि ज्येष्ठ नागरिक अपहेलनाको पात्र होइन अनुभव र नयाँ पुस्ताका पथप्रदर्शकका साथै सहयोगी हुने देखिन्छ । समयकालसँगै पुराना पुस्ताले मनाउने गरेका जीवनोपयोगी संस्कारहरू आधुनिकतासँगै लोप हुने अवस्थामा पुगिसकेका छन् । पछिल्लो समय समाज र परिवार खण्डित हुँदै ज्येष्ठ नागरिकहरू परिवार भएर पनि परिवारविहीन भई वृद्धाश्रम वा कसैको आश्रय लिन आश्रम पुग्नुपर्ने बाध्यता देखिन्छ । नेवाः समाजका बौद्धमार्गी र हिन्दुमार्गी दुवै समुदायमा ज्येष्ठनागरिकका लागि छुट्टै आश्रमको कल्पना गरिँदैन । यो समुदायले प्राचीनकाल देखिनै ज्येष्ठ नागरिक र बच्चाहरूलाई जंकु संस्कारको माद्यामबाट सामाजिक सुरक्षा र सम्मान प्रदान गर्दै आएको पाइन्छ ।

**शब्दकुञ्जीः** ज्येष्ठ नागरिक, नेवाः, जंकु, संस्कार, समाजिक, सुरक्षा

**Abstract**

Among the 142 caste/ethnic groups in Nepal, the Newar community is one. The Newars are the indigenous people of Nepal. In Nepali society, the Newar community has its own unique significance in terms of culture and civilization. The culture, rituals, and beliefs found within this community are distinct from those of other ethnic groups. The Newar community is religiously divided into two groups: Hindus and Buddhists. Both groups have their own distinct cultures, rituals, and customs. The Newars are a community that prefers to work in groups, make decisions collectively, and live together. Both types of Newars have been observed to observe year-round festivals, religious practices, cultural traditions, customary social practices, and life-cycle rituals (samskaras). Particularly noteworthy is the Newar tradition of worshiping and protecting living beings, animals, humans, cattle, birds, water, forests, land, sky, the environment, and nature as forms of the divine. The rituals performed in the Newar community from birth until death reflect the significance of being human, and they help individuals integrate themselves into culture and tradition. Newar rituals seem to work toward keeping life joyful by protecting it from despair, while also instilling diligence, honesty, sense of duty, and adherence to responsibilities.

Among the sixteen traditional samskaras (sacraments), the *Janku* ritual is one of the most important in the Newar community. There are two types of Janku performed in the Newar community: one performed after the birth of a child and the other after a person reaches old age (elderly/senior citizenship). The Janku performed during childhood is known in other communities as *Annaprashan* (first rice-feeding ceremony), but in the Newar community, it is called *Macha Janku*. This Janku is performed according to the ritual procedures of Macha Janku. The other Janku is performed in old age (with the aim of protecting senior citizens). This is also called *Jyatha Janku*. After this Janku is performed, the senior citizen who has undergone the ritual is to be regarded as worthy of veneration, akin to a deity. Tradition holds that after the Janku, one must not speak harsh or unpleasant words to the elderly, nor hurt their feelings. The younger generation is expected to learn from the life experiences of these elders and move forward. This tradition has helped protect senior citizens from becoming helpless

and has contributed to reducing malpractices such as elder abuse as age advances. If the significance of this ritual and the life-science embedded within it can be understood, it becomes evident that senior citizens are not objects of neglect but rather repositories of experience, guides for the new generation, and sources of support for the family, society, and nation.
With the passage of time, the life-enriching rituals practiced by older generations are on the verge of disappearing due to modernization. Recently, as society and families have become fragmented, senior citizens—despite having families—find themselves effectively without families, compelled to live in old-age homes or seek shelter elsewhere. In both the Buddhist and Hindu Newar communities, there is no concept of separate old-age homes; from ancient times, this community has been providing social security and respect to senior citizens and children through the medium of the Janku ritual.
**Keywords:** Senior Citizens, Newar, Janku, Ritual/Samskara, Social, Security


## परिचय

संस्कृत शब्द जन्म र नेपालभाषा कु सन्धि भएर जंकु शब्दको उत्पती भएको मानिन्छ। नेपालभाषामा नसिक्य न,म अक्षर लोप हुँदा शिरविन्दुको प्रयोग हुने प्रचलन छ। जन्मको न् र म लोप हुँदा जं र कु सन्धि भएर जंकु शब्द निर्माण भएको देखिन्छ। ज्या:जंकु नेपालभाषाको संयुक्त शब्द हो (जोशी, ११३१-क पृ. १०)। जंकु शब्द निर्माण सम्बन्धी विभिन्न विद्वानहरूको फरक फरक धारणा पाइन्छन्। जन्मको अर्थ जन्मिनु, उत्पती हुनु वा धरतीमा पाइला टेक्नु हो। नेपालभाषामा "कु" को अर्थ भारी हो। यसको अर्थ जीवभार बोकेर जीवन सुरु हुन्छ भन्ने मान्यता छ (वज्राचार्य, ११३१ पृ. ७७)। नेपालभाषा मचाजंकु को "जानकेगु (भात खुवाउने)" शब्द अपभ्रंश भई "जान्कु=जांकु = जंकु" हुन गएको हो पनि भनिन्छ। धर्मशाष्त्र अनुसार शैशवकालमा संस्कारका रूपमा गरिने ५ प्राशनहरू ( घृतप्राशन, मधुप्राशन, फलप्राशन, अन्नप्राशन र गुडप्राशन) मध्ये नेवा: समाजको मचा जंकु अन्नप्राशनमा पर्दछ ( जोशी, ११३१-क पृ.११)। यही अन्नप्राशनको नेवा: रूप मचा जंकु हो। प्राचीनकालमा नेवा: समुदायको मचा जंक्व: पनि पाँचपटक (घृतप्राशन, मधुप्राशन, फलप्राशन, अन्नप्राशन र गुडप्राशन) गर्नुपर्ने चलन थियो भनिन्छ, तर पछिल्लो समय अन्नप्राशनलाई मात्र मचा जंकुको रूपमा जंकु गर्ने प्रचलन छ (प्रधानाङ्ग,११२७ पृ.३३)।

वैदिककालमा नदेखिने यो संस्कार स्मृतिकालमा सबैभन्दा पहिले कृष्णको बुबा वासुदेवलाई जंकु गरेको वृहतमार्गसंहितामा उल्लेख छ (वज्राचार्य ने.सं. १२२०.पृ. ७७)। यस ग्रन्थमा पाँच पटक सम्म जंकु गर्ने गरी विभिन्न नाम उल्लेख गरिएको छ। यस आधारमा द्वापर युगबाट जंकु प्रचलनमा आएको मान्न सकिन्छ। लिखितरूपमा भने ज्या: जंकु आजभन्दा ६ सय वर्ष अघिबाट नेवा: समुदायमा प्रचलनमा आएको देखिन्छ। लिच्छविहरू काठमाडौं उपत्यकामा प्रवेश गरेकै समयमा आफ्नो संस्कृति र संस्कार पनि सँगै लिएर आएकाले सोही समयदेखि नै नेवा: लिच्छवीमाझ जंकु संस्कार प्रचलनमा आएको मानिन्छ (श्रेष्ठ, ११४१ पृ.१९)। नेपालको राष्ट्रिय अभिलेखालयमा सुरक्षित रहेको जंकु विधि उल्लेख गरिएको नेपाल संवत ४९९ को नेपालभाषा र संस्कृतमा लेखिएको थ्यासफुमा जंकु कसरी गर्ने भन्ने विधि उल्लेख गरिएको छ। उक्त ग्रन्थमा हिन्दुमार्गी नेवा: र बौद्धमार्गी नेवा: समुदायले मान्ने जंकु संस्कारको उल्लेख छ (श्रेष्ठ, ११३१ पृ.१७)। त्यस्तै ने.सं. ७३२ मा लेखिएको थ्यासफुमा जंकुको

विधि उल्लेख छ (प्रधानाङ्ग, ११२७ पृ.३३) । ने.सं. ८१२ श्रावण कृष्ण प्रतिपदाका दिन तत्कालीन नेपालमण्डलका ३ राज्यका राजालाई निमन्त्रणा दिएर चोछेँ (भक्तपुरमा चोछेँ टोल अझै बाँकी छ) बस्ने अनिरुद्र भन्ने व्यक्तिले जंकु संस्कार गरेको अभिलेख राष्ट्रिय अभिलेखालयमा बि ३७५/९ पृष्ठ ३४ मा सुरक्षित रहेको छ श्रेष्ठ, ११३१ पृ.१९) ।

नेपाल रिसर्चले सूचीकरण गरेको सूचीअनुसार राष्ट्रिय अभिलेखालयमा मात्र जंकु सम्बन्धी उल्लेख



**बि ३७५/९**

भएको १२८ थ्यासफु रहेका छन् । त्यस्तै काठमाडौंको आशा सफुकुथीमा ६ वटा थ्यासफु संग्रहित छन् । यी थ्यासफुका आधारमा ६ सय वर्ष अघि नै जंकु संस्कार प्रचलनमा रहेको देखिन्छ (श्रेष्ठ, ११३१ पृ.१७) । ने.सं. ४६४ को समयकालमा गयासमसुद्दिले नेपाल देशकै इतिहास सुरक्षित रहेको भक्तपुरको पुस्तक रहेका ढुकुटी (पुस्तकालय) हरूमा आगो लगाई जलाइदिएकाले यसभन्दा अघिका जंकु लगायतका कतिपय इतिहास प्राप्त हुने ग्रन्थहरू नष्ट भएको हुन सक्ने अनुमान गरिन्छ (श्रेष्ठ,११३१ पृ.३१) ।

नेवाः समाजमा मचा जंकु र ज्याथः जंकु गरी दुई प्रकारका जंकु गर्ने प्रचलन रहेको देखिन्छ । अन्य समुदायमा अन्नप्रासन गर्ने चलन छ भने नेवाः समुदायमा भने मचा जंकु गर्ने प्रचलन छ । त्यस्तै ज्येष्ठ उमेरमा पुगेपछि पनि नेवाः समुदायले जंकु गर्ने गर्दछन् । ७७ वर्ष भन्दा माथि उमेरको सिमामा रहेर गरिने जंकुलाई ज्याथः जंकु वा जमक्वः भनिन्छ । यो जंकु फरक फरक उमेर अनुसार विविध प्रकारका छन् । "ज्याथः जंकु"लाई नेवाः समुदायमा ज्याः जंकु पनि भन्ने गरिन्छ । त्यस्तै वृद्ध भएका परिवारका सदस्यको दीर्घायुको कामना गर्दै यमराज(जमराज) लाई हार खुवाउन जमराजलाई नै तल पारेर मृत्युबाट जोगाउन (जमक्वः) गरी ज्येष्ठ सदस्यको दीर्घायुको लागि गरिने संस्कारका रूपमा पनि जंकुलाई लिइन्छ (जोशी, ११३१-क पृ १२) । शक्तिविना शिव पनि शव तुल्य बन्छ भन्ने धारणाबाट दीक्षित हिन्दुमार्गी नेवाः समुदाय हरेक पाइलामा शिव र शक्ति जागृत गरी मिलन गर्ने प्रयास गर्ने गर्दछन् । जंकुको समयमा पनि कुण्डलिनि चक्रमा रहेको शक्ति र ब्रम्हाण्डमा रहेका शिवसँग मिलन गराई शिवत्व साक्षात गराउने कार्य अनुरूप जंकु मनाउने परम्परा रहेको छ । आगमशाष्त्र अनुसार जंकु भन्नु शिवत्व वा पूर्णत्व प्राप्त गर्न गरिने साधना हो (जोशी, ११३१-ख पृ. ८९) ।

नेवाः समुदायमा मानिसले जीवन र जगत भोगेर उमेरको उकालो चढेसँगै आगम(शाक्त मत) अनुसार उक्त मानवलाई सिद्धपुरुष वा सिद्धनारीका रूपमा लिने प्रचलन छ । यो संस्कारमा पुरुषलाई शिव र नारीलाई शाक्त अर्थात् शक्तिका रूपमा लिएर शिव र शक्तिको जागृत गराइन्छ । स्त्री गुमाएका ज्येष्ठ

नागरिक भए उक्त ज्येष्ठ नागरिकको शिवत्व जागृत गराइन्छ । पुरुष गुमाएका स्त्री भए रातो वस्त्र लगाइदिएर शिवशक्तिले पूर्ण गराउने कार्य गरिन्छ । दुवैजना दम्पती रहेको खण्डमा पुरुषलाई शिव र स्त्रीलाई शक्तिका रूपमा जागृत गराई जंकु गर्ने प्रचलन छ । नेपालभाषाको शब्दबाट बनेको "ज्याथः (ज्येष्ठ) जंकु" मा शारीरिक अवस्थाका कारण कमजोर बन्दै गएका ज्येष्ठ नागरिकलाई छोरा, बुहारी, नाति, पनातिनी वा परिवारका सदस्यहरूबाट बेवास्ता वा दुर्व्यवहार हुन सक्ने भएकाले ज्येष्ठ नागरिकलाई ज्येष्ठ उमेरमा सामाजिक र पारिवारिक सुरक्षा प्रदान गर्नका निमित्त पनि ज्याथः जंकु संस्कार नेवाः समाजमा एक महत्वपूर्ण संस्कारकारूपमा प्रचलनमा छ । जंकु गरिएका व्यक्तिलाई देवताका रूपमा सम्मान, आदर गर्नुपर्ने र जंकु भईसकेका व्यक्तिले पनि नयाँ पुस्तालाई कर्तव्य र नैतिक बोध गराउने संस्कार जंकु मा छ । यही जंकु संस्कार लाई भीरथारोहण पनि भनिन्छ । भीमरथारोहण भन्ने शब्दलाई मनन् गर्ने हो भने मान्छेको स्तर उठान भई देवत्व पद ग्रहण गराई रथमा राखी मुक्तिको बाटोमा पुगेको प्रतीक स्वरूप रथारोहण गराई जात्रा गरी समाजमा ज्येष्ठ नागरिकलाई सम्मानजनक जीवन जिउन यो संस्कारले मुख्य भूमिका खेल्दै आएको छ (**श्रेष्ठ,११३१ पृ.२३**) ।

## अध्ययन विधि

काठमाडौं उपत्यका र उपत्यका बाहिरका हिन्दुमार्गी तथा बौद्धमार्गी नेवाः समुदायको जंकु संस्कारको अर्थ र यो संस्कारले ज्येष्ठ नागरिकहरूको सुरक्षा र आत्मसम्मानको खोजीमा यो अध्ययन केन्द्रीत रहेको छ । यो पूर्णरूपमा गुणात्मक प्रकृतिको सांस्कृतिक अध्ययन हो । यो अध्ययनका लागि आवश्यक तथ्यहरू गुणात्मक प्रकृतिको शोधलाई उपयुक्त हुने गरी संकलन गरिएको छ । तथ्य संकलनका लागि प्राथमिक स्रोत अन्तरवार्ता, अवलोकन र द्धितिय स्रोतबाट प्राप्त तथ्यहरूको सत्यता परीक्षण गरी सत्य पहिचान पछि सम्पादन गरी प्रमाणित भएपछि मात्र संकलित तथ्यहरू अध्ययनका लागि लेखमा उपयोग गरिएको छ । विश्वास योग्य तथ्यहरूको विश्लेषण। व्याख्या गरी वर्णात्मक शैलीमा प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको यो आलेखमा नेवाः संस्कारमा रहेको जंकु संस्कारको अमूर्त सांस्कृतिक संस्कारको खोजी गरिएको शोध प्रतिवेदनका रूपमा रहेको छ ।

## मुख्य प्राप्ति

जंकुको संस्कारको धार्मिक परिचय, यो संस्कारको अर्थ, प्रयोजन, जंकुको प्रकार र स्वरूप खोजी गर्नेक्रममा प्राथमिक र द्धितिय स्रोतहरूबाट विभिन्न जानकारीहरू प्राप्त हुन आएका छन् । प्राप्त भएका यी जानकारीलाई विभिन्न शीर्षकमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

### जंकु संस्कार परम्परा

वैदिक युगमा मानिसहरूमा १०० वर्ष जीवनको आकांक्षा गर्ने गरेको देखिन्छ । १०० वर्ष बाँच्नका लागि मानिसले के के संस्कार अपनाउनु पर्दछ भन्ने जानकारी भने वैदिक साहित्यमा कतै पनि उल्लेख गरेको पाइँदैन (श्रेष्ठ, ११२९ पृ. १४) । यो अभावको पूर्ति नेवाः समुदायमाझ प्रचलित जंकुले गर्दछ । हिन्दु तथा शैवमार्गी नेवारहरूले ४ देखि ६ पटकसम्म जंकु गर्नुपर्ने उल्लेख छ भने बौद्ध नेवारहरूले ३ पटक जंकु गर्नुपर्ने अभिलेखहरूमा उल्लेख छ । वृहत्त गर्गसंहिता मा ५ पटक सम्म जंकु गरिने

उल्लेख छ (जोशी, ११३१-क पृ.११) । तर अधिकांश हिन्दुमार्गी नेवाःहरूले ५ पटकको जंकुलाई नै शिरोधार्य गर्दै आएको पाइन्छ । राष्ट्रिय अभिलेखालय माइक्रोफिल्म नं. बी २४/८ पृष्ठ १४ मा नेपालभाषा र संस्कृत भाषा दुवै प्रयोग गरी भुजिंमोल लिपिमा लेखिएको जंकु सम्बन्धी सबैभन्दा पुरानो थ्यासफुमा हिन्दु संस्कार अनुसार गर्नुपर्ने जंकु विधि उल्लेख गरिएको छ ।

सप्तसप्ततिवर्षाणि, सप्तमासदिणानि च ।
राज्ञो भीमरथं कुर्यात् नराणां पापशंक्षया ॥
एकाशीति च द्वाशिमासै चत्वारिशंयुतं ।
सहश्रचन्द्रसदृष्ठा नरानान्दुरिति क्रमात् ॥
अष्टोशीतिचाब्दानिमासाष्टकदिनाष्ठधा ।
महारथन्तु कुसोशा नरादेवतानितुः ॥
सतवर्षदसोमास दसभिः दिवसानितु ।
राज्ञोदेवरथप्रक्ता स्वयं रुद्रपुञ्ज जगो ॥ ० ॥
नवेवरिषनचाब्दानि नवमासनवदिनं ।
देवरथन्तु कुर्यासौ सा देवोपरम् शिवः ॥ ० ॥
(श्रेष्ठ, ११२९ पृ. १५) ।

नेपालभाषामा रहेको "शुभाशुभ स्वयगु सफु" नामको ज्योतिष विषयक थ्यासफु मा नेवाःहरूले गर्दै आएको बार्धक्यकालमा गरिने जंकुको यज्ञविधि उल्लेख छ । उक्त थ्यासफुमा पहिलो जंकुलाई भीमरथ नाम उल्लेख गरिएको छ । पहिलो जंकु भीमरथ ७७ वर्ष, ७ महिना र ७ दिनको उमेरमा गरिन्छ ( जोशी ११२८ पृ.१३) । 'पंच दण्डच्छत्र प्रबन्ध' नामको ग्रन्थमा पहिलो जंकु भीमरथ गर्ने उमेर ७७ वर्ष ७ महिना ७ दिनमा आउने रातलाई कालरात्रि अर्थात् दुष्त रात वा मृत्युको रातको रूपमा उल्लेख गरिएको छ

'सप्त सप्त तिमे वर्षे सप्तमे मासि सप्तमी ।
रात्री भीमे रथी नाम नराणामति दुसारा ॥ (सिन्या, १११८ पृ.३६) ।

नेवाः समुदाय हिन्दु र बौद्ध सिद्धान्तहरूबाट प्रभावित समुदाय भए पनि, यो समुदाय पूर्ण रूपमा यी धर्महरूद्वारा निर्देशित छैनन् । नेवार बौद्ध समाजमा पनि जंकु प्राचीनकालदेखिनै प्रचलनमा रहेको मानिन्छ । बौद्ध ग्रन्थ ललितविस्तर सूत्रमा 'जंकु' कर्मसम्बन्धी उल्लेख गरिएको छ (वज्राचार्य,२०६५ पृ.९३) । उक्त ग्रन्थमा उल्लेख भए अनुसार राजा शुद्धोदनका पुरोहित उदायनले राजकुमार सिद्धार्थलाई मचा जंकु गर्न कुलाचारअनुसार आभूषण र वस्त्र बनाउनका लागि बिन्ती गरी मुकुट, कुण्डल, कंथी, हस्ताभरण, पादाभरण आदि बनाएको उल्लेख गरिएको छ ।

जंकु परम्परा केवल बौद्ध र हिन्दु धर्मको नाममा मात्र होइन, पूजा विधि र संस्कार र समुदाय अनुसार जंकु मनाउने शैलीहरूमा समेत कतिपय समानता र कतिपयमा फरकपन देखिन्छन् । यहाँ हिन्दुमार्गी नेवाः र बौद्धमार्गी नेवाःका रूपमा २ भागमा विभाजन गरेर जंकु संस्कारलाई हेर्न सकिन्छ । नेवाः समुदायका हिन्दूमार्गीहरूले जंकु गर्दा पूजाविधि अनुरूप अष्ट चिरञ्जीवी सहित दशग्रहको पूजा गराउँछन् भने बौद्धमार्गीले ग्रहमण्डल लेखि दशकर्मको दर्शन गराउने परम्परा छ (वज्राचार्य ने.सं.११३१ पृ. ८०) ।

**मचा जंकु:**

नेवाः समाजमा मचा जंकु गर्ने छुट्टै आफ्नै विधि विधान रहेका छन् । बच्चा जन्मिसकेपछि न्वारान गरी पूजाविधि अपनाएर नेवाः परम्परा अनुसार बच्चा छ्वास अजिमालाई सुम्पेको हुन्छ । छ्वास अजिमाले बच्चाको रक्षा गर्छ भन्ने विश्वाश गरिन्छ (शाक्य, ११४२ पृ.९) । सोही 'छ्वासः अजिमा' को संरक्षणमा रहेको मानिने शिशुलाई परिवारका अन्य सदस्य सरह ग्रहण गर्ने उद्देश्य नै मचा जंकु संस्कार हो भनिन्छ । कतिपयले बच्चाको नाम मचा जंकुपछिमात्र राख्छन् भने कतिपयले न्वारानकै बेला नाम राख्दछन् । छोरी भए ५ महिनामा र छोरा भए भए ६/७ महिनामा मचा जंकु गरिन्छ । पछिल्लो समय ६ महिनामा पनि मचा जंकु गरेको पाइन्छ । मचा जंकु गर्दा बच्चाको दाँत नउम्रिएको अवस्थामै गर्नुपर्ने मान्यता यो संस्कारमा छ । आमाको मचा जंकु गरिसकेपछि छ्वास अजिमाका संरक्षणबाट मुक्त भएको मानिन्छ भने परिवारका हरेक सदस्यले पाउने सेवा सुविधा बच्चाले पनि बराबर पाउने गर्दछ । जस्तो कि मचा जंकु गरेपछि हरेक भोजमा उसको भाग अनिवार्य मानिन्छ (प्रत्यक्ष अवलोकन) । यो बच्चा हो उसले खान सक्दैन भनी बेवास्ता गर्न मिल्दैन । चाडपर्वमा बच्चाले भोज नखाए पनि वा कहीँ गएको अवस्था वा घरमा नभएको अवस्थामा समेत वरियताको आधारमा भोजको लाइनमा भाग राख्ने परम्परा छ (प्रत्यक्ष अवलोकन) । जंकु गर्ने दिनमा परिवारका सबै सदस्यहरू स्नान गरी चोखोनीति गरी बच्चालाई पनि नुहाइदिने गरिन्छ । बच्चालाई स्नान गराइसकेपछि नयाँ लुगा ( प्वाकलं) लगाइन्छ । पूजाविधिका साथमा बच्चालाई आमाको काखमा राखेर सुरक्षा कवच स्वरूप जंकु क्वखाः (एक प्रकारको तान्त्रिक विधि अपनाएर बनाइएको धागो) लागाइदिन्छन् (शाक्य, ११४२ पृ. १०) ।

बच्चालाई दुई चरणमा आमाको काखमा राखिन्छ । पहिलो चरणमा बच्चाले के गर्न रुचाउँछ वा भविष्यमा ऊ के बन्छ भन्ने उत्सुकता लिएर परिवार र आफन्तले ठुलो काँसाको थालमा धान्यपूर्ण स्वरूपमा जंकुमा लगाइदिने कपडा, टोपी, गरगहना (चाँदीको जंकु कल्ली, जंकु कानमा लाउने मारचा) किताब, कापी, कलम, थरिथरिका ज्यावल, सामग्री आदि बच्चाले छुन सक्ने ठाउँमा अगाडि राखिन्छन् । बच्चाले जुन सामग्री छोयो सोही सामाग्री अनुरूप भविष्यमा उ कस्तो मानिस बन्नेछ भन्ने निर्क्योल गरिन्छ । जस्तो कि बच्चाले कापी, कलम किताब लियो भने अध्ययनशील हुने, ज्यावलहरू लिन खोज्यो भने मेहनती हुने, गहनाहरूतिर हात राख्यो भने सौखिन र धनी हुने जस्ता बच्चाको गुणको निर्क्योल गरिन्छ । यो समयमा बच्चालाई परिवार र बच्चाको मामा, फुपू खलक र आफन्तहरूले नयाँ लुगा र गरगहनाले सजाइ दिन्छन् (शाक्य, ११४२ पृ.१०) ।

अर्को चरणमा पूजा विधिसम्मत जीवनकै पहिलो पटक थायूँभु (तान्त्रिक विधि अनुसार त्रिखुट्टीमाथि राखिएको ठुलो काँसाको थालमा राखिएका चौरासी व्यञ्जन) खुवाउन बच्चालाई काखमा राखिन्छ । यस दिन आमाको दूधमात्र चुसिरहेको शिशुलाई साइट हेरेर भूमिमा उब्जाउ भएका खाद्य वस्तु चौरासी व्यञ्जन बनाएर थाय्‌भू खुवाउने प्रक्रिया सुरु हुन्छ । चौरासी व्यञ्जनमा नभई नहुने परिकारमा तीनवटा माटाका सलिचा(भाँडा) मा तीन रङ्गका मदिरा (रक्सी, सामान्य जाँड र रातो जाँड) राखिन्छ । सबै भन्दा परिवारका ज्येष्ठ उमेरकाले वा बच्चाका बुबा/आमाले गुरु वाक्य अनुसार ज्यःनाको पातमा द्यःछाय्‌किगु (पूजा) गर्छन् । पूजा पश्चात औंलाका थरिथरि मुद्राबाट बच्चालाई गुरु वाक्य स्वरूप थाय्‌भू खुवाइन्छ (शाक्य, ११४२ पृ.११) । यसरी पूजाविधिबाटै पहिलोपटक शिशुको शरीरले आकाश,जल र थलमा पाइने खाद्य वस्तु ग्रहण गर्दछ । जंकु सकेको दिन सबै आफन्त तथा इष्टमित्रलाई भोज

खुवाउने परम्परा रही आएको छ । भोज खान जाँदा आफन्तले बच्चाका लागि सगुन, नयाँ कपडा, गरगहना लिएर जाने गर्दछन् । मचा जंकु अघि बच्चाको शिरमा कुनै पनि धार्मिक मठमन्दिरका टिका वा संस्कार संस्कृतिका सिन्दूर र फूलमाला लगाउन बन्देज गरिएको हुन्छ । स्वास्थ्यको दृष्टिकोणले पनि शिशुको कलिलो शरीरमा कुनै प्राकृतिक वा रसायन तत्वको असर नगरोस् भन्ने मनोविज्ञान यो परम्परामा देखिन्छ । जंकु सकिएपछि नेवाः परम्परा र सबै मठमन्दिरका टिका लगाउने र संस्कार र संस्कृतिमा सहभागी जनाउने बाटो खुल्दछ । यस अर्थमा बच्चा सामाजिक बन्छ । तर आजकाल नेवाः समाजमा मचा जंकुका विधान छाडेर आधुनिकता सँगै केक काटेर अन्नप्राशन गर्ने चलनले मचाजंकुका कतिपय जीवनोपयोगी पक्ष लोप हुँदै गएका छन् (शाक्य, ११४२ पृ.१३ ।

**बौद्धमार्गी नेवाः समुदायका मचा जंकु**

बौद्धमार्गी नेवाः समुदायमा वज्रायानी आचार्य गुरुको निर्देशनमा शिशुलाई शूभमुर्हूत गराई स्नान गराएर मचा जंकु सुरु गरिन्छ । आमा र बच्चाको शुभ होस् भन्ने हेतुले बजिं पिय (टुक्रिएको चिउराबाट मन्साउने कार्य) गरेर मात्र पूजमण्डलमा प्रवेश गराइन्छ । शिशु सम्वोधिज्ञानको अधिकारीका रूपमा लिएर साँचो समाउन लगाएर जलधारासहितले स्वागत गर्ने परम्परा बौद्धमार्गी नेवाःहरूमा रहेको छ (वज्राचार्य,२०६५ पृ.९३) । बौद्ध परम्परा अनुसार पूजाविधि गरी क्लेशावरण र ज्ञेयावरण मुक्त हुने विश्वासका साथ निराजन क्रिया र ताँचा त्वयगु(साँचो फुकाल्ने) कार्य गरिन्छ । बौद्ध धर्ममा प्रत्येक मानिसलाई दुई अवरणले छापेको मानिन्छ । क्लेशको क्षयबाट दुःख मुक्त हुने र सत्यमाथि छोपिएको आवरण ज्ञेयावरणको क्षयले धर्म नैरात्म्य हुने हुने विश्वाश गरिन्छ (वज्राचार्य,२०६५ पृ.१०१) ।

यस जंकुमा शिशुलाई तीनपटक दही र सगुन दिई पाँच प्रकारका जंकु आभूषण(जंकु वस्त्र) शिरोभूषण( जंकु टोपी), कर्णभूषा (सुनको मुन्द्रा), हृदयभूषण(जन्तर), हस्तभूषण (पञ्चरत्नको चुरा) र पादभूषण (खुट्टामा लगाउने कल्ली) लगाइ बौद्धविधिबाट 'सिफं लुइगु (फलफूलले पुज्ने)' गरिन्छ । बौद्धगुरुले शुभप्रतीकका रूपमा घण्टा बजाइ स्वस्ति मन्त्र उच्चारण गर्ने परम्परा छ । यस पछि भविष्यमा बालक के बन्नेछ भन्ने उत्सुकताका साथ षोडशकला गुणका चिन्ह स्वरूप विभिन्न सामग्री भएको फराकिलो ठूला थालमा बालकको अगाडि लगिन्छ । बालकले जुन सामग्री छोयो त्यही सामग्रीको आधारमा भविष्यमा बच्चाले के गर्नेछ र कस्तो जीवन जिउनेछ भन्ने भविष्य लक्षण गरिन्छ (वज्राचार्य,२०६५ पृ.९६) । यी कार्यसकेपछि बालकलाई थायँभू (काँसाको ठुलो थालमा राखिएको चौरासी व्यञ्जन) खुवाइन्छ । यी दुवै परम्परा हिन्दुमार्गी र बौद्धामार्गी दुवै प्रकारका नेवाः समुदायमा मेल खान्छ । ८४ व्यञ्जन खुवाइनुलाई चौरासी चोला फेरेर मानव चोलामा आएको प्रतीकका रूपमा लिइन्छ । यसमा मासु देखि जमिन,जल, जङ्गल र आकाशमा उड्ने पंक्षी सहित ब्रम्हाण्डको सबै खाद्यको प्रतिनिधित्व हुनेगरी चौरासी थरी भोजन बनाएर खुवाउने प्रचलन छ । मचा जंकुमा नवजात शिशुलाई पञ्चामृत (घिउ,मह,सखर,दूध र दही) खुवाइन्छ । पञ्चामृतको अर्थ सत्सङ्गतामृत( कल्याण गर्ने मित्र बन्नु), धर्मामृत (पूर्णसम्भार पूर्ण गर्दै जाने), ज्ञानामृत (ज्ञान सम्भार पूर्ण गर्दैजाने), बाधामृत (पुण्यसम्भार र ज्ञानसम्भारले पूर्ण भई सम्बोधिज्ञान प्राप्त गर्नु) र वज्रामृत(धर्मकाय वज्रधर पद प्राप्त गर्नु) को प्रतीकका रूपमा लिइन्छ (वज्राचार्य,२०६५ पृ.९८) । जंकुमा नवग्रहबाट शिशुको रक्षाका लागि नवग्रहकै प्रतीकका सामग्री राखेर बुटी बनाई रक्षामाला लगाइदिने परम्परा छ । जंकु पश्चात परिवार र नातागोता सबैले शिशुको कल्याणको कामना गर्दछन् । जंकु पश्चात कसैकसैको भने शिशुलाई मामाले बोकी

बाजागाजासहित नगर परिक्रमा गर्ने पनि प्रचलन छ । जंकु उत्सवमा आफन्त, इष्टमित्र र नातागोतालाई भोजको प्रबन्ध गरिन्छ ।

**ज्याथः जंकुः**

पहिलो जंकु भीमरथारोहणमा रथ वास्तुकलामा आधारित रहेर काठको चार पाङ्ग्रा भएको गुड्ने गरी रथ बनाइएको हुन्छ । काठकै रथलाई मण्डपशैली मन्दिरको स्वरूपमा सजाएर रथारोहण गरिन्छ । रथमा सूर्यदेवका रूपमा घोंडाको चित्र कुँडेर वा चित्रांकन गरी रथारोहण गरिन्छ (शाक्य, ११३१. पृ.४४) । सूर्यको आराधनाले कालको प्रभाव निस्तेज हुने विश्वास गरिन्छ । उक्त रथलाई रथ तान्न राखिएको डोरी समातेर जंकु गर्ने व्यक्ति बसेको रथलाई तानेर नाति, पनातिहरूले आफ्नो टोल क्षेत्र वा नजिकको पीठ परिक्रमा गराइन्छ (जुजु, १११९. पृ.५०) ।

पहिलो जंकु पछि दोस्रो जंकु गर्ने प्रचलन छ । दोस्रो जंकुलाई सहस्रचन्द्रदर्शन र सहस्रपूर्णचन्द्रदर्शन पनि भनिन्छ । यो जंकु ८३ वर्ष ४ महिना ० दिनमा गरिन्छ । कुनै नेवाःसमुदायले मलमास थपेर ८१ वर्ष १ महिना, १ दिन, १ घडी र एक पलामा गर्दछन् भने कुनै नेवा समुदायले ८३ वर्ष ४ महिना, ४ दिन ४ घडी ४ पलामा गर्ने चलन छ । यो जंकु गर्दा जंकु गर्ने व्यक्ति ब्रम्हा सो सरह मानेर रथमा ब्रम्हाको वाहन हाँस चित्रांकन गरी व्यक्तिलाई ब्रह्म स्नान गराई शिरमा फेटा क्वलाः(एक प्रकारको तामाको विशेष भाँडो) खुट्टामा अगाडि राखेर सबैले जंकु व्यक्तिको खुट्टा स्नान गरी आर्शिवाद लिने गर्दछन् । यो जंकुमा चन्द्रमा उडाएको मौका पारी सवालाख बत्ती बालेर पूर्णिमा व पूर्ण चन्द्रमाको दर्शन गराई सेतो हाँसको वाहन भएको चन्द्र रथ नामको चन्द्रमाको रथमा रथारोहण गर्ने गरिन्छ ( वज्राचार्य, ११३१ पृ. ८१) । दोस्रो जंकुबाट प्रत्येक जंकु भन्दा ६ दिन अगाडिसम्मको ६ दिनको रातलाई कालरात्रि(मृत्युयोग) का रूपमा लिइन्छ । उक्त मृत्युयोग रहेको कालरात्रि पन्छाएर मृत्यु जितेर जीवन जिउन सफल देवताले मात्र सक्ने विश्वाश गरी जंकु गर्ने व्यक्तिलाई देवताका रूपमा रथमा राखेर सहर परिक्रमा गर्ने प्रचलन छ (जोशी, ११३१ -क पृ.१०-१२) । कसै कसैले भने जंकुमा रथ बोकेरै टोल र मन्दिर क्षेत्र परिक्रमा गराउने गर्दछन् (जुजु, १११९. पृ.५०) ।

तेस्रो जंकुः चन्द्रसहस्र ८८ वर्ष ८ महिना ८ दिनमा गरिन्छ । यो जंकुलाई देवरथारोहण पनि भनिन्छ । यो जंकुमा जंकु गर्ने व्यक्तिलाई विष्णु सोसरह मानेर रथमा नारायणको वाहन गरुडको चित्रांकन गरेर विष्णुको रथमा रथारोहण गराइन्छ । यस जंकुलाई महाविष्णुरथारोहणका रूपमा पनि लिइन्छ । यस दिन अष्टवसुको पूजा अर्चना गरिन्छ । जंकु पश्चात देश परिक्रमा गराउने भनेर जंकु गर्ने व्यक्तिलाई रथमा राखेर तानेर टोल, क्षेत्र परिक्रमा गराइन्छ र घर फर्काइसकेपछि घरको एक तला माथिको झ्यालबाट गृह प्रवेश गराउने पनि परम्परा छ (श्रेष्ठ, ११४१ पृ. २) ।

चौथो पटक दिव्यरथारोहण जंकु गरिन्छ । यो जंकुमा जंकु गर्ने व्यक्ति महादेव सोसरह देवत्व ग्रहण गरेको मानेर रथमा महादेवको वाहन गोरुको चित्रांकन गरिन्छ । ९९ वर्ष ९ महिना ९ दिनको दिनमा गरिने यो जंकुमा पूजाविधिका साथ माटोको घ्याम्पोमा बसाएर पुनःजन्म स्वरूप घ्याम्पो फुटाएर निकालेर जंकु गरिन्छ (जोशी ११२८ पृ.१३) । पछिल्लो समय तामाको खोल्न मिल्ने घ्याम्पोमा राखेर जंकु पद्धतिको विकास भएको देखिन्छ (प्रत्यक्ष अवलोकन) ।




(चित्रकार,२०७३ पृ.१०)

पाँचौं जंकु "रुद्ररथ",महादिव्यरथारोहण, शिवशक्ति राथारोहण, गौरीशंकर रथारोहण जस्ता नामले चिनिन्छन् । यो जंकु कतिपयले १०० वर्ष, १० महिना, १० दिनमा गर्दछन्, कतिपयले १०३ वर्ष ४ महिना १० दिन (जोशी ११२८ पृ.१३) कतिपयले १०८ वर्ष ८ महिना ८ दिन (वज्राचार्य, ११३१ पृ. ७९), कतिपयले १०८ महिना १० दिन (जोशी,११३१ -क पृ.११ ) र कतिपयले ११० वर्ष १० महिना १० दिनका दिनमा वृष र सिंह वाहन राखेर शिवशक्तिराथारोहण गराउने प्रचलन छ (श्रेष्ठ, ११४१ पृ. २) । यस जंकुमा रथममा सूर्यदेव, ब्रम्हा, विष्णु महादेव चारै देवताका वाहनका चित्रांकन गरी चारैदेवहरूको पनि देवका प्रतीकका रूपमा रथमा राखी रथारोहण गरिन्छ (जोशी, ११३१ -क पृ.१३) । उदाहरणका लागि ललितपुरको बुंगद्यः(रातो मछिन्द्रनाथ) को रथजात्रा गर्दा रथको पूर्व दिशामा ७ वटा घोंडा,पश्चिम दिशामा ७ वटा गरुड, उत्तरमा ७ वटा गोरु र दक्षिणमा ७ वटा हाँस उत्कीर्ण गरिएको पाइन्छ । यही विषयमा संस्कृतमा लेखिएको छ :

उदय ब्रम्हणी रूपं मध्यान्हे तु महेश्वर

अष्तमाने स्वयं विष्णु त्रिमूर्तिश्च दिवाकर- भविष्यपुराण (जोशी, ११३१-क पृ.१४) ।

उदयकाल भन्नाले बिहान ब्रम्हा, दिउँसो महेश्वर, साँझलाई विष्णुका रूपमा लिइन्छ । ब्रम्हा, विष्णु र महेश्वर त्रिदेव नै सूर्य हो भनिन्छ । नेवाः समुदायको ज्याः जंकुमा पनि सोही प्रतीक स्वरूप पहिलो जंकु सूर्यदेवको स्वरूप, दोस्रो जंकु ब्रम्हा, तेस्रो जंकु विष्णु र चौथो जंकु महादेवको स्वरूप मानिन्छन् (जोशी, ११३१-क पृ.उही) । पाँचौँ जंकुमा सबै देवहरू सूर्य,ब्रम्हा, विष्णु र महेश्वर ग्रहण गरी देवहरूको पनि देवका रूपमा अन्तिम जंकु गरिन्छ । अन्तिम पटक गरिने जंकुको नाम नै महादिव्य अर्थात् महादेवरथारोहण रहेकाले यो जंकु गरेपछि मोक्ष प्राप्त गरेको रूपमा हेर्ने गरिन्छ (सिन्या, १११८ पृ.३६) । जंकुमा प्रयोग भएको नामले अधिकांश नेवाः समुदायमा शैव धर्मको वैशिष्टय रहेको देखाउँछ ।

पाँचौ जंकु गर्ने अवसर विरलै मानिसले मात्र पाउँछन् । त्यसैले पनि नेवाः समुदायभित्र ११० वर्षमा गरिने जंकुलाई सारेर पाँचौं जंकुको रूपमा १०० वर्ष १० महिना १० दिन, १०३ वर्ष ४ महिना १० दिन, १०८ वर्ष ८ महिना ८ दिन मा सारेर जंकु गरेको अनुमान गर्न सकिन्छ । पहिलो जंकुको उमेर हद भने सबैजसो नेवाः समुदायमा एकरूपता पाइन्छ । त्यसपछिका जंकुमा हिन्दुमार्गी र बौद्धमार्गी नेवाःमात्र नभई स्थान विशेष र उपजाति विशेषका रूपमा पनि जंकु विधि र समयमा एकरूपता पाइँदैन । नेपालको पूर्वी क्षेत्रमा रहेका नेवाःहरूले पहिलोः भीमरथः ७७ वर्ष, ७ महिना ७ दिन र ७

घडी, दोस्रो सहस्रचन्द्रदर्शनः ८२ वर्ष, ८३ वर्ष, तेस्रोः महारथः ८८ वर्ष, ८ महिना, ८ दिन, चौथोः देवरथ ९९ वर्ष, ९ महिना, ९ दिन, पाचौँ : महादेवरथः १०० वर्ष, १० महिना, १० दिनका दिन जंकु गर्ने गरेको पाइन्छ । यसरी नेवाः समाजले जंकु संस्कारबाटै ज्येष्ठ नागरिकलाई देवताका रूपमा पुज्ने परम्परा छ (जुजु,ने.सं. १११९ पृ. ५०) ।

जंकुको मूल विशेषता भनेकै रथारोहण हो । रथमा कि, त जात्रामा देवता राख्दछन् कि, त जंकु गर्ने बेला भएपछि नेवाः समुदायका ज्येष्ठ व्यक्ति राखिन्छन् । रथारोहण गरिनु भनेको जंकु गरेको मानिसलाई देवतासरह मान्नु हो (वज्राचार्य, ११३१ पृ.४४) । नेवाः संस्कारमा रथलाई मन्दिरको अर्को रूप मानिन्छ । मन्दिरमा जग राखेर गर्भ गृह स्थापना गरी निर्माण गरिन्छ र देवता राखिन्छ । रथ पनि एक प्रकारको मन्दिर हो । रथलाई चलायमान बनाइन्छ तर मन्दिर एकै ठाउँमा अवस्थित रहन्छ । रथमा काठका ४ वटा पाङग्राहरू राखिन्छन् । रथमा नेवाः समुदायका मानिस जंकु गर्ने बेलामात्र बस्न पाइन्छ । त्यसकारण पनि जंकु गरेका परिवारका सदस्यलाई जंकु पश्चात देवतासरह मान्न बाध्य बनाउँछ । रथयात्राको उद्देश्य ज्येष्ठ नागरिकलाई देव सरह सम्मान दिएको सबैलाई थाहा दिनु हो । त्यसैले, कतिपयले बाजा बजाएरै जंकुको प्रचार प्रसार र निम्ता दिने गर्छन् । जंकु रथमा ३ वटा शैलीका रथ प्रचलनमा छन् (शाक्य, ११३१ पृ. ४५) । हिन्दुमार्गी जंकु पूजाविधिमा वैदिक र तान्त्रिकको मिश्रण देखिन्छ । नेवाः समुदायले श्रीमती गुमाएका पुरुष वा पुरुष गुमाएका श्रीमती भएमा शिवशक्तिको साधना गरेरमात्र जंकु गर्ने गरिन्छ । शिव र शक्ति (शैव वा शाक्त) एकाकार नभईकन केही कार्य पनि पूर्ण नहुने विश्वाश यो समुदायमा देखिन्छ । शिव र शक्तिलाई पुरुष र स्त्री वा भालेजाति र पोथी जातिमा रूपमा ग्रहण गरिन्छ (जोशी,११३१-ख पृ ९१) । हिन्दुमार्गीले जंकुलाई शिवशक्तिको पूजा अनिवार्य रूपमा लिइन्छ । जंकु गर्दा तान्त्रिक विधि अनुसार कलश स्थापना गरी ग्रहपूजा, भूमि पूजा, चिना पूजा, गर्दै वेदार्चन, अस्वत्थामा, वृहिस्थापना, रथ पूजा, सूर्य, चन्द्र विम्ब पूजा, यवोदक श्राद्ध,गौदान, ध्रुव दर्शन आदि गराइन्छ (जोशी,११३१-ख पृ. ९४) । हिन्दुमार्गी नेवाःहरूले गर्ने जंकुमा वैदिक परम्पराको प्रभाव देखिन्छ । विगतमा जंकुमा पञ्चमकार (मद्य,मांस,मैथुन, मुद्रा,मत्स्य) प्रचलनमा भए पनि यो लोप हुँदै जानुमा वैदिक परम्पराको प्रभाव मानिन्छ ।

**बौद्धमार्गी नेवाः समुदायको जंकु**

बौद्धमार्गी नेवाःहरू लक्षित लेखिएको नेपालभाषाको “बौद्धतय कर्मविधि सङग्रह” नामक हस्तलिखित ग्रन्थले बौद्धमार्गी नेवाःहरूमा ३ पटक जंकु गर्ने प्रचलन रहेको पुष्टि गर्दछ । उक्त ग्रन्थमा पहिलो जंकु ७७ वर्ष ७ महिना ७ दिनका दिनमा भिमरथारोहण गरिन्छ । यो जंकु गर्ने ज्येष्ठ सदस्यले ९५० पटक चन्द्रदर्शन गरेको हुनुपर्ने उल्लेख छ । दोस्रो जंकुमा १००० (एकहजार) पटक चन्द्रमाको दर्शन गरेको हुनुपर्ने उल्लेख छ । दोस्रो जंकुलाई बौद्धमार्गीले देवरथ भन्ने गर्दछन् भने हिन्दुमार्गीले सहस्रचन्द्रदर्शन भन्ने गर्छन । हिन्दुमार्गी नेवाःहरूले चौथो जंकुलाई मात्र देवरथ भन्ने प्रचलन छ (जोशी ११२८ पृ.१४) । बौद्धमार्गी नेवाःहरूको तेस्रोपटकको जंकु ९० वर्ष ९ महिना ९ दिन उमेरमा अर्थात् १२०० (एकहजार दुईसय) पटक चन्द्रमाको दर्शन(गुजारिसकेको) हुनुपर्ने उल्लेख छ । क्यालेण्डरको पर्याप्त विकास नभएको समयमा चन्द्रमालाई आधार बनाएर समय र उमेरको गणना गर्ने प्रचलन जंकुबाट थाहा हुन आउँछ । बौद्धमार्गी नेवाःहरूले ३ पटकमात्र जंकु गर्ने उल्लेख भए पनि चन्द्ररथारोहण स्वीकार गर्न थालेको पनि देखिन्छ । उनीहरूले १०८ वर्षमा गरिने जंकु महादिव्यरथारोहण मार्फत चन्द्ररथारोहण गर्ने गरेको पाइन्छ (वज्राचार्य, ११२९ पृ. त) ।

क्षेत्रगत रूपमा केही बौद्धमार्गी नेवाःहरूको जंकु हेर्ने हो भने काठमाडौँका बौद्धमार्गी वज्राचार्यहरूको ज्याः जंकुमा पहिलो - ७७ वर्ष ७ महिना ७ दिन भीमरथारोहण ग्रह मण्डल दर्शन, दोस्रो ८८ वर्ष ८ महिना ८ दिन देवरथारोहण बसुन्धरामण्डल दर्शन, तेस्रो ९९ वर्ष, ९ महिना, ९ दिन महारथारोहण उष्णीय विजय मण्डलका रूपमा यो संस्कार गरिएको पाइन्छ । त्यस्तै ललितपुरका बौद्धमार्गीहरूका पहिलो जंकु ७७ वर्ष ७ महिना ७ दिन रथारोहण, दोस्रो - ८१ औँ सहस्रचन्द्रदर्शन महारथरोहण, तेस्रो -८८ वर्ष, ८ वर्ष, ८ दिन देवरथारोहण योगम्बर पूजा गरिएको पाइन्छ । त्यस्तै उपत्यका बाहिर भोजपुरका बोद्धमागीहरूले पहिलो भीमरथ ७७ वर्ष, ७ महिना, ७ दिन, दोस्रो चन्द्र रथ सहसचन्द्र दर्शन (लाख बत्ती बाल्ने) ८१ वर्ष, १ महिना, १ दिन १ घडी, तेस्रोः देवरथ वा महारथ - ८८ वर्ष, ८ महिना, ८ दिन, चौथोः दिव्यरथ - ९९ वर्ष, ९ महिना, ९ दिन, पाचौँ : महादिव्यरथ - १०८ वर्ष, ८ महिना, ८ दिनमा जंकु गरेको पाइन्छ (वज्राचार्य, नें.सं. ११२०) । बौद्धमार्गीहरूमा ३ पटकको जंकु प्रचलनमा रहेको पाइए पनि चौथो र पाँचौं पनि गरेको पाइन्छ । यदि पाँचौँ जंकु गर्ने उमेरसम्म नेवाः समुदायको ज्येष्ठ नागरिक बाँचिरहेको अवस्थामा भने १०८ वर्ष, ८ महिना, ८ दिन हुनासाथ जंकु गर्ने गरेको पाइएको छ (वज्राचार्य, नें.सं. ११२०) ।

बौद्धमार्गी नेवाहरूले जंकु गर्ने ज्येष्ठ व्यक्तिलाई पञ्च बुद्धको प्रतीकका रूपमा लिन्छन् । ग्रह पूजामा आफ्नो विधि अनुरूप नयाँ देवताको स्थापना गरी पञ्च बुद्ध मण्डल लखेर दशकर्मको दर्शन गराइन्छ । जंकु गर्ने व्यक्तिलाई ग्रहमण्डलको पूजा गराइन्छ । बौद्धधर्ममा पञ्च बुद्धलाई मात्र दशकर्म गराइन्छ । त्यसैले जंकु गरिएका व्यक्तिको पनि दशकर्म गरिने भएकाले जंकु गरेको व्यक्ति पञ्च बुद्ध सरह मानिन्छ ( वज्राचार्य, ११३१ पृ. ८१) । धार्मिक दृष्टिकोणबाट हेर्ने हो भने ज्येष्ठ उमेरमा पुगेपछि मानिसमा काम, क्रोध र मोह हराउँदै जान्छ । मानिसहरूमा राग, द्वेष, मोह रूपी तृष्णा नभएको मानिस केवल चेतनामात्र रहेको शरीरका रूपमा लिइन्छ । सोही अनुरूप पनि जंकु गरिसकेको ज्येष्ठ व्यक्ति पूज्य बन्न थाल्छ । मनमा तृष्णा नहुनासाथ दुःखको अन्त हुन्छ । दुःखको आभास नभएपछि आनन्द र खुसीमात्र बाँकी रहन्छ । ती व्यक्तिमा मैत्री, करुणाका भाव सञ्चार हुन्छ । त्यही मानिस बौद्धधर्म अनुरूप पञ्चबुद्धको रूपमा पुज्य बन्न पुग्दछ ।

**जंकु विधिः**

हिन्दुमार्गी नेवाःहरूले जंकु विधिका लागि कलश, धौपति(दही राख्ने सानो भाँडो), पात, आँखे (धानको बोक्रा निकालिएको विज क्षय नभएको चामल),सिन्हःमू(सिन्दूर राख्ने धातुको भाँडा),ज्वलान्हायक्कं( धातुकै तासको सुरोट आकारको अनुहार देखिने ऐना), नयाँ कुचो, नयाँ नाङ्लो,नयाँ कपडा, गुडाउन मिल्ने काठकै पाङ्ग्रा भएको काठकै रथ, इकाःपःका (रायोसागको विज), धुपौरो, आगो आदि सामग्री पूजाका लागि अनिवार्य मानिन्छन् (श्रेष्ठ,११३१ पृ.३१) । त्यस्तै जंकु गर्ने व्यक्तिलाई लगाउने नयाँ लुगा,टाउकोमा बाँध्ने सेतो फेटा, महिलाको पनि जंकु हो भने सुनको टिका, मुन्द्रा आदि चाहिन्छ । सवा लाखबत्ती, पहिलो जंकुमा सुनको सूर्यदेव, दोस्रो जंकुमा चन्द्रमा, तेस्रो जंकुमा नारायणको मूर्ति पूजा गरिने भएकाले गक्ष अनुसार सुनको, चाँदीको वा धातुको मूर्ति राखेर पूजा गर्ने गरिन्छ । हिन्दुमार्गी नेवाः समुदायमा केहीले ३ दिनसम्म जंकु गर्ने गरेको पाइन्छ (श्रेष्ठ,११३१ पृ.३६) । तर अधिकांश नेवाः समुदायले भने पछिल्लो समय एकदिनमै जंकु समापन गरेको पाइन्छ ।

बौद्धमार्गी नेवाःहरू शाक्य र वज्राचार्य, तुलाधर र कंसकार आदिले भने बौद्धविधि अनुसार जंकु गर्ने प्रचलन छ । शाक्य र वज्राचार्यहरूको भने ४ दिनसम्म जंकु गर्ने प्रचलन छ बौद्धमार्गीहरूले गर्ने

जंकुमा सबै परिवारले चोखोनिती गरी शरीरशुद्ध गरी भोलिपल्ट 'छ्वयलाभू' गर्ने गर्दछन् (श्रेष्ठ,११३१ पृ.३३) । त्यस्तै दुस्वः अर्थात् अधिवासन पूजा (पञ्चमण्डलमा ३२ वटा कलश परिक्रमा गराइ थपना) गर्ने गरिन्छ। यस जंकुमा गुरुजुहरूबाट देवता थपना गरी पौभा लेख्ने, शिष्यविधान गर्ने गरिन्छ। नयाँ पौभाको देवतालाई दशकर्म देखाउने, गुरु मण्डल बनाइ जंकु गर्ने व्यक्ति र बौद्धमार्गी नेवाः समाजका इही गर्ने बालिकाहरूलाई स्वागत गर्ने कार्य पनि गरिन्छ भने दुस्वःमण्डल र ग्रह मण्डल लेख्ने गरिन्छ (श्रेष्ठ,११३१ पृ.३४) । जंकुको पर्सिपल्टको दिनलाई पूर्णा भन्ने गरिन्छ । यो दिन जज्ञशाला बनाई विधिविधानपूर्वक पूर्ण कलश थपना गरिन्छ। चार जना थकाली र गुरुजुले जंकु गर्ने व्यक्तिको शरीरशुद्ध गरी पूजा मण्डपमा राखी वस्त्र र सुनका मुन्द्रा (गहना) लागाइदिने गर्दछन् । पूजाविधि अनुसार यो दिन जंकु गर्ने दम्पतीबाट दान गराइ नयाँ पौभालाई जीवन्यास गरी थपना गरिन्छ। गुरुजुहरूले बौद्ध संस्कार अनुसार पूजाविधि गरी थाय्भु खुवाएर जोशीले दिएको साइटमा सिहांसनको प्रतिमा राखेको रथमा जंकु गर्ने व्यक्तिलाई राखेर देश (सहर वा टोल) परिक्रमा गराई फर्काएर घरमा भित्राएर सगुन दिइन्छ। अन्तिम दिन अर्थात् चौथो दिन जंकुमा सहभागी सबैले बत्ती (आरती) ग्रहण गरेपछिमात्र जंकु समापन हुन्छ (श्रेष्ठ,११३१ पृ.३६) । यसरी चार दिनसम्म विधिविधानले पूर्ण गरी बौद्धमार्गी नेवाःहरूले ज्येष्ठ भएका नागरिकलाई पञ्चबुद्ध सरह मानेर सम्मान गर्ने प्रचलन रहेको छ।

**जंकुमा चाँची लेख्ने परम्परा**

हिन्दु र बौद्ध दुवै प्रकारका नेवाः समुदायले ज्याथः जंकु गर्ने बेला चाचिं(प्राकृतिक रूपमा प्राप्त काँचो सात वटा रङ्गबाट ) लेख्ने परम्परा छ। विभिन्न प्राकृतिक रङ्गलाई लिएर रङ्गलाई नै देवत्वको प्रतीकस्वरूप जंकु गर्ने घरको मूल ढोकामा चाचिं लेख्ने परम्परा रहेको छ । चाचिं लेखनलाई आध्यात्मिक कार्यका रूपमा ग्रहण गरिन्छ। त्यसैले चाचिं लेख्ने बेला 'निसी' (चोखोनिती) गरेर मात्र लेख्ने गरिन्छ (सिंह, ११३१ पृ.५१) ।

हिन्दु परम्परा अनुसार चाचिं लेख्दा मूलढोकामा सेतो वर्णको गणेश,पहेँलो वर्णको ब्रम्हा,सेतो र पहेंलो वर्णको उमामहेश्वर, हरियो वर्णको विष्णु, रातो वर्णको कुमारको चित्र लेख्ने गरिन्छ। बौद्धमागीहरूले भने फरक फरक मुद्रामा मूलढोकामा पाँचवटा बुद्ध रत्नसम्भव (पहेंलो रङ्गको वरद मुद्रामा), अक्षोम्य बुद्ध (निलो रङ्गको भूमिस्पर्श मुद्रामा), वैरोचन बुद्ध (सेतो रङ्को धर्मचक्रमुद्रामा), अमिताभ बुद्ध (रातो रङ्गको ध्यानमुद्रामा) र अमोघसिद्धि बुद्ध (हरियो रङ्गको ध्यानमुद्रामा) चित्र लेख्ने परम्परा छ । पञ्चबुद्धलाई पृथ्वी,आकाश,जल,अग्नि, र वायुको प्रतीकका रूपमा लिइन्छ (सिंह, ११३१ पृ.५१) । त्यस्तै जंकुको होम लगायतमा प्रयोग हुने माटाका भाँडाहरूमा पनि कुमाःजातिहरूले चित्र लेखिदिने गर्दछन् । त्यसमा नवग्रहहरू बुधका प्रतीक धनुष र वाण, वृहस्पतिको प्रतीक पुस्तक, शुक्रको प्रतीक चतुष्कोण, शनिश्चरको प्रतीक त्रिदण्ड, राहुको प्रतीक खड्ग, केतुको प्रतीक मकर, यमको प्रतीक स्वस्तिक, मंगलको प्रतीक त्रिकोण, सोमको प्रतीक अर्धचन्द्र र आदित्यको प्रतीक कमलको फूल लेख्ने गरिन्छ। त्यस्तै दश दिक्पालका रूपमा दश दिशा मध्ये पूर्वलाई इन्द्र मानेर वज्रको चित्र, पश्चिमलाई वरुण मानेर सर्पको चित्र, उत्तरलाई कुवेर मानेर बेलको चित्र,दक्षिणलाई यम मानेर यमदण्ड, आग्नेयलाई अग्नि मानेर अग्निकुण्डको चित्र, वायव्यको प्रतीकका रूपमा ध्वजा,नैऋत्यको प्रतीक खड्गको चित्र, ईशानलाई महादेव मानेर त्रिशूल, अर्धचन्द्र र गोलाकार सूर्यको सोही दिशा पारेर चित्र लेखिन्छ (सिंह, ११३१ पृ.५७) । नेवाः उपजाति अनुसार यो चाचिं, नवग्रह, र दश दिक्पाल लेख्ने कार्यमा पनि केही भिन्नता देख्न सकिन्छ।

**ज्येष्ठ नागरिक सुरक्षाका आधार जंकु**

उमेरले ज्येष्ठ हुँदै जाँदा मानिस असक्त बन्दै जान्छ । यो उमेरमा सहयोग र सहाराको खाँचो हुन्छ । पछिल्लो समय ज्येष्ठ नागरिकका हक अधिकारका लागि नेपाल सरकारले ज्येष्ठ नागरिक सुरक्षा ऐन २०६३ निर्माण गरी ज्येष्ठ नागरिकहरूलाई परिवारले, सगोलका परिवारका छोरा,छोरी,बुहारी,नाति, नातिनीले ज्येष्ठ नागरिकको सम्मान गर्नुपर्ने र पालनपोषण र हेरचाह गर्नुपर्ने व्यवस्था गरेको छ ( आयोग, २०६३ पृ. ३-४) । ऐनको दफा ८.ख मा ज्येष्ठ नागरिकलाई दुर्व्यवहार तथा अपमान गर्न नहुने र झुक्यानमा पार्न नहुने जस्ता अधिकारको व्यवस्था गरिएको छ (आयोग, २०६३ पृ. ९) । नेवाः समुदायले भने मुलुकमा ज्येष्ठ नागरिकका अधिकार सम्बन्धी कानुन नबन्दै प्राचीन कालदेखि नै ज्येष्ठ नागरिक सुरक्षा उपकरणका रूपमा ज्याथः जंकु संस्कार प्रचलनमा ल्याइएको पाइन्छ । धार्मिक मान्यता अनुरूप देवतालाई पुज्ने प्रचलन छ ।

नेवाः समाजमा रहेको जंकु संस्कारले पनि जंकु विधि अनुसार मान्छेलाई देवता सरह मान्न बाध्य बनाउँछ । यो संस्कारले ज्येष्ठ भएका नागरिकले परिवार र समाजबाट सम्मानजनक जीवन जिउन मद्दत गर्ने हुनाले जंकु संस्कार ज्येष्ठ नागरिकको सुरक्षाका लागि महत्वपूर्ण उपकरणका रूपमा लिन सकिन्छ । जंकुपछि मोक्ष प्राप्त गरी देवत्व ग्रहण गर्ने गराउने संस्कार नेवाः समाजको जंकुमा मात्र रहेको छ । जंकु संस्कारको आवलम्वन गरी नेवाः समुदायका ज्येष्ठ नागरिकले सम्मानका साथ जीवन यापन गरिरहेको पाइन्छ (जोशी, ११३१-ख पृ. ८९) । ज्येष्ठ व्यक्तिलाई सम्मानजनक स्थानमा राखेर राम्रोसँग पालनपोषण र स्याहार गर्नुपर्ने यो संस्कारको मान्यता रहेको देखिन्छ । जंकु गरेका व्यक्तिले आफूले जीवनभर कमाएका अनुभव छोरा नाति पुस्तालाई विनिमय गर्ने अवसर पनि यो संस्कारले दिएको पाइन्छ । नयाँ पुस्ताले पनि पुराना पुस्ताबाट धेरै ज्ञान आर्जन गर्ने अवसर मिल्दछ । यसरी नेवाः समुदायको समाज र परिवारमा ज्येष्ठ नागरिकहरूको सुरक्षाको प्रमुख आधार नै ज्याथः जंकु बन्ने गरेको पाइन्छ ।

सरकारले ऐनमा व्यवस्था गरिएको ज्येष्ठ नागरिकको पालनपोषण र दुर्व्यवहार गर्न नहुने पक्षलाई नेवाः समदायले प्राचीनकालदेखि नै जंकु संस्कारबाट कडाइका साथ लागु गरेको देखिन्छ । नेवाः समुदायभित्र प्रचलित यो संस्कारलाई व्यवहारतः सबैले आवलम्वन गर्ने हो भने ज्येष्ठ नागरिक सडकपेटी र वृद्धाश्रम पुग्नुपर्ने अवस्थामा न्यूनिकरण गर्न सकिने देखिन्छ । जीवनमा भोग्नुपर्ने दुःख, सुख, भोगविलास आदि पार गर्दै जीवन र जगतको अनुभव सँगालिसकेका परिवारका ज्येष्ठ सदस्यलाई शिवशक्ति देवता मानेर जंकु विधि अनुसार पूजा गर्ने प्रचलनले नेवाः समुदाय भित्रका ज्येष्ठ नागरिकले सबैबाट सम्मानजनक व्यवहार पाउँछन् । जंकु गरेको व्यक्ति सिद्धपुरुष वा शिवशक्तिका रूपमा लिइने हुनाले यस्तो व्यक्तिको निधन हुँदा समेत विशेष सम्मानका साथ जंकु खतमै राखेर तानेर दीप (घाट) मा लगी मृत्यु संस्कार गरिन्छ । भक्तपुर क्षेत्रमा भने जंकु गरेको व्यक्तिको निधन भएको खण्डमा मृत्यु संस्कारका लागि विशेष दिप(चिहान)नै बनाउने प्रचलन छ । बौद्धमार्गी वज्राचार्यहरूले भने जंकु गरेको व्यक्तिको निधन हुँदा उत्कान्ति योग गराइ वायु योगको प्रभाव पारेर कुनै अंग चलायमान बनाउने वा बोल्न लगाउने समेत गरिन्छ भनिन्छ । तर यो कार्य दुर्लभ बनिसकेको छ (जोशी,११३१-ख पृ ९३) । जंकु संस्कारले ज्येष्ठ नागरिक भएका नेवाः समुदायका व्यक्तिलाई मृत्युहुँदा सम्म सम्मान दिने गरेको देखिन्छ ।

नेवाः समाजमा एकल परिवार कहिल्यै पूर्ण हुन्न । जन्म देखि मृत्युसम्म समाज र परिवारमा रहेर उतिकै योगदान गरिरहेका हुन्छन् । प्राचीन ग्रन्थ ऋग्वेदमा समेत घर परिवारलाई विशेष स्थान दिएको देखिन्छ । ऋग्वेदमा विवाहको समयमा कहिल्यै वियोग नहोस, नाति पनातिसँग खेल्न पाइयोस्, पूर्ण आयु भोग गर्न पाइयोस् भन्ने उल्लेख छ ( जोशी,११३१-ख पृ.९६) । जंकुमा परिवार र परिवारका सदस्यहरूको पनि उतिकै महत्व हुन्छ । मनुस्मृति (अध्याय ९ श्लोक १५८-१६० ) मा बच्चा छँदा छोरालाई र बुढो भएपछि बाबुको आधार छोरा हुनुपर्ने उल्लेख छ (जोशी,११३१-ख पृ.९६) । नेवाः समाजमा छोरालाई जति मान्यता दिएको छ छोरीलाई पनि उत्तिकै मान्यता दिएको पाइन्छ । छोरीलाई गृहलक्ष्मीका रूपमा ग्रहण गरिन्छ । जंकुको समयमा नेवाः परम्परा अनुसार गरिने शुद्धिकरणको समयमा छोरी अनिवार्य मानिन्छ । त्यसैगरी बुहारीलाई पनि गृहलक्ष्मीकै रूपमा उत्तिकै महत्व दिइन्छ । श्रीमती नभएका छोरा मान्छेलाई संस्कार वा संस्कृतिमा केही अधिकार दिइँदैन । जंकुको समयमा धार्मिक अनुष्ठान समापन गर्न बुहारीलाई नै भूमिका दिइएको हुन्छ । त्यस्तै दिदी,बहिनी भाइ, भान्जा, मामा, नाति, पनाति सम्मको जंकुमा छुट्टाछुट्टै भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । यस अर्थमा नेवाः समाजमा कुनै पनि संस्कार पूर्ण हुन परिवार र समाजका सबै सदस्य अनिवार्य रहन्छ । उनीहरू सबैजना एकअर्कामा परिपूरक हुन्छन् । यस अर्थमा पनि नेवाः समाजमा ज्येष्ठ नागरिकहरू सबैका पूज्य र परिवार र समाजमा सुरक्षित बन्न पुग्दछन् ।

## निष्कर्ष

नेवाः समुदाय समूहमा विश्वास राख्ने समुदाय हो । यो समुदाय प्राचीन कालदेखि समुदायमा रहेर सामूहिक कार्य अर्थात् गुठी परम्परामा रहेर सहकार्य मार्फत जुनसुकै कार्य सम्पन्न गर्न अग्रसर हुँदै आएका छन् । समुदाय नै नेवाःहरूको संस्कृति र संस्कार निरन्तरताका लागि बलियो आधार बनेको देखिन्छ । नेवाः समुदायमा प्रचलित थुप्रै चाडपर्व वा संस्कृतिमा मानिसलाई नै देवता, जीव जनावरलाई पनि देवता र प्रकृतिलाई नै देवता मानेर पुज्ने प्रचलन छ । त्यस कारण जीवन छँदै मानव र देवताको रूपमा दुवै अनुभव लिने समुदायका रूपमा नेवाः समुदायलाई लिन सकिन्छ । नेवाः सभ्ईता र समाजभित्र मानव जातिको हित हुने गरी प्रचलनमा रहेका थुप्रै संस्कृति र संस्कारहरू छन् । ती मध्ये मानव जीवनमा नेवाः समाजमा ज्येष्ठ भएपछि उनीहरूको सामाजिक र पारिवारिक सुरक्षाका लागि महत्वपूर्ण संस्कार ज्याथः जंकु संस्कार रहेको देखिन्छ । ७७ वर्ष पुगेपछि सुरु हुने जंकु नेवाः समाजमा लामो आयु बाँचियो भने ११० वर्ष पुग्दासम्म ५ पटक सम्म जंकु गर्ने प्रचलन रहेको पाइन्छ । जंकु संस्कार किन र के का लागि चलाइएको हो भन्ने स्पष्ट नभए पनि यसका विधि विधान र सामाजिक व्यवहार अध्ययन गर्दा यस समुदायमा रहने ज्येष्ठ व्यक्तिहरूको सुरक्षाका लागि नै यो संस्कार प्राचीन कालदेखि अपनाइएको हो भन्न सकिन्छ । जंकु संस्कारले मान्छेलाई नै देवता बनाएर देवी देवतालाई जतिकै सम्मान दिएर बच्चा र ज्येष्ठ व्यक्तिको स्याहार गर्ने उपकरणका रूपमा जंकुलाई लिन सकिन्छ । जंकु संस्कारबाटै ज्येष्ठ नागरिकमा रहेको ज्ञान नयाँ पुस्तामा पुस्तान्तरण गर्नुले पनि यो संस्कार ज्येष्ठ भएका नागरिकको अनुभव पुस्तान्तरण देखि समाजमा ऊ सम्मानजनक जिउन पाउने अधिकार सुरक्षित देखिन्छ ।

हिन्दु परम्परा अनुसार चाचिं लेख्दा समेत मूलढोकामा सेतो वर्णको गणेश,पहेंलो वर्णको ब्रम्हा,सेतो र पहेंलो वर्णको उमामहेश्वर,हरियो वर्णको विष्णु रातो वर्णको कुमारको चित्र लेख्ने कार्यले पनि जंकु

गर्ने मानिस यो सबै देवको अवतारका रूपमा ग्रहण गर्दछन् । ब्रम्हा, विष्णु,महेश्वर र नारायणका रूपमा जंकु गर्ने व्यक्तिलाई ग्रहण गरी अन्तमा ती देवादिदेवहरूको पनि दिव्यदेवका रूपमा ग्रहण गर्ने प्रचलनले नेवाः समाजका ज्येष्ठ नागरिकले आफूले पाउने सम्मान पर्याप्त पाउँदछन् । जंकु गर्ने व्यक्तिलाई सबैलोकका सर्वमान्य देव सरह मान्नुले नेवाः समाजका संसारकै मानव समुदाय भन्दा उच्चस्थान दिएर ज्येष्ठ नागरिकको पूजन र सम्मान गरेको पाइन्छ । पूजा विधि अनुसार पनि हिन्दुमार्गी नेवाःहरूलेहरूले अष्ट चिरञ्जीवीको प्रतीकलाई अमर वा कहिल्यै मर्नु नपर्ने व्यक्तिका रूपमा लिने गरेका छन् । यसले मृत्युपछि पनि आफ्ना पुर्खा यो ब्रम्हाण्डको पञ्चतत्वमा जीवित रहने विश्वाश गरी मानव जीवनलाई सदा आशामुखी र सुन्दर बनाउने प्रयत्न भएको देखिन्छ ।

बौद्धमार्गीहरू नेवाः समाजले पनि ज्येष्ठ नागरिकलाई पञ्चबुद्ध सरह पुज्य मानेर सम्मान गरेको पाइन्छ । बौद्धमार्गी नेवाःहरूले पञ्चबुद्धलाई पृथ्वी, आकाश, जल, अग्नि, र वायुको प्रतीकका रूपमा लिएको देखिन्छ । यही पञ्चतत्वबाट बनेको शरीरलाई पञ्चतत्वसँग जोडेर मानव शरीरलाई पनि देवता नै मान्ने जंकु संस्कारमा पाइनुले ज्येष्ठ भएका मानवको महिमा सधैँ उच्च राख्न यो संस्कारले काम गरेको देखिन्छ । मानव जीवन भोगेर अन्तमा यसरी शरीर नास भए पनि पुर्खाहरू पञ्चतत्वमा विलीन भई पञ्चबुद्ध सरह मान्यता पाउने हुने बौद्धमार्गी नेवाःहरूको जंकुको विशेषताका रूपमा लिन सकिन्छ ।

नेवाःहरूले स्वन्ति(तिहार) नखःमा मनाइने पर्वभित्र रहेको म्हः(शरीर) पूजा संस्कृति, किजा पूजा जस्ता थुप्रै संस्कृति ले परिवार र समुदायमा रहेका सबै मानव र जीवको अस्तित्वलाई स्विकार गरेको पाइन्छ । जंकु संस्कारमा पनि आफू भन्दा अग्रज ज्येष्ठ व्यक्तिलाई देवताको रूपमा पूजा गरेर मृत्युअघि नै भगवानको स्वरूप बनाएर जीवनलाई सौहार्द्धमय बनाउन जंकु संस्कारले भूमिका खेलेको देखिन्छ । यो परम्पराले ज्येष्ठ नागरिक समाज र परिवारका पुज्य व्यक्ति हुने हुनाले बुढेसकाललाई बोझका रूपमा नभई अवसर नै अवसरका रूपमा रूपान्तरण गरी बाँकी जीवन थप सौहार्द्ध बनाउने उपकरणका रूपमा जंकुलाई लिन सकिन्छ । यस दृष्टिकोणबाट नेवाः समाजभित्र रहेका ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका आधार नै जंकु बन्ने गरेको पाइन्छ । पछिल्लो समय नेपाली समाजमा ज्येष्ठ भएका नागरिक परिवारविहीन भएर वा परिवार भएर पनि वेशाहारा जीवन बाँच्न विवश देखिन्छन् । जंकु प्रचलनमा रहेको नेवाः समाजमा भने त्यो अवस्था विरलै भेटिन्छन् । जहाँ जंकुकै आधारमा ज्येष्ठ नागरिकका साथमा परिवारका सदस्य र समाज नै उनीहरूको सुरक्षाको बलियो आधार बनेर रहेको पाइन्छ । नेवाः जातमा खुम्चिनु अघि नेपाः (नेपाल) देश का जनता हुन् । नेवाः पछि जातमा रूपान्तरण गरियो । नेवाः संस्कारभित्र रहेको जंकु संस्कारलाई ज्येष्ठ नागरिक सुरक्षा उपकरणका रूपमा ग्रहण गरी यस संस्कारलाई सर्वमान्य बनाउन सकेमा समाजमा ज्येष्ठ नागरिकले अपहेलित जीवन जीउनुपर्ने अवस्थालाई न्यूनिकरण गर्न सकिने देखिन्छ ।

**Funding**

No grant.

**Data availability**

All data will be provided with a reasonable request to the corresponding author.

## Declarations

**Ethics approval and consent to participate**
Not applicable.
**Consent for publication**
Not applicable.
**Competing interests**
The author declares no competing interests.

## सन्दर्भसूची

आयोग, नेपाल कानुन (२०६३). *ज्येष्ठ नागरिक सम्बन्धी ऐन.* नेपाल सरकार.

चित्रकार, सुमन (२०७३). *पुंज्या किपाः सफु.* काठमाडौँःनेपाल ललितकला प्रज्ञाप्रतिष्ठान.

जोशी, सुन्दरकृष्ण(ने.सं.११३१ क). *ज्याःजंकु (नेपालभाषा जर्नल अंक -४).* नेपालभाषा केन्द्रीय विभाग.

जोशी,राजनलाल (ने.सं.११३१ ख). *ज्याःजंकु संस्कारया ऐतिहासिकता(नेपालभाषा जर्नल अंक-४).*नेपालभाषा केन्द्रीय विभाग.

जोशी हरिराम (ने.सं.११२८) *जंकु व जमक्व (थौकन्हे लयपौ अंक २ पूर्णाङ्क १३५).*रुक्मिणी श्रेष्ठ.

जुजु, बलदेव (ने.सं. १११९). *नेवार संस्कार व उकिंया विधि.* काठमाडौँः वैदिक प्रतिष्ठान.

प्रधानाङ्ग, रामजी(ने.सं.११२७). *नेवाः संस्कृतिया हलंज्वलं.*नेपाल संस्कृति लयपौ.

वज्राचार्य, वज्रमुनी (ने.सं. ११२०). *नेवाः संस्कार परिचय.* नेपाल घःचाः धुकू.

वज्राचार्य, वज्रमुनी (ने.सं.११३१). *जंकुया दार्शनिक पक्ष (नेपालभाषा जर्नल अंक- ४).*नेपालभाषा केन्द्रीय विभाग.

वज्राचार्य, रञ्जना(२०६५). *नेवार बौद्ध संस्कार.*नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रिभुवन विश्व विद्यालय.

वज्राचार्य, धर्मरत्न (ने.सं.११२९). *भीम,देव व महारथारोहण पूजाविधिक्रिया.*काठमाडौँः सिद्धि धर्महर्ष धार्मिक संरक्षण संस्था.

सिन्या, ईश्वरमान (ने.सं. १११८). *भीमरथारोहण ज्याः जंकु (नेपाल संस्कृति,पूर्णाङ्क-६६).*छत्रबहादुर कायष्थ.

सिंह, तुलसीलाल, (ने.सं. ११३१). *ज्या जंकुया चित्रकारिता. (नेपालभाषा जर्नल अंक -४).* नेपालभाषा केन्द्रीय विभाग.

शाक्य, रवि (ने.सं. ११३१).ज्या जंकुइ छ्यलीगु रथ *(नेपालभाषा जर्नल अंक -४).* नेपालभाषा केन्द्रीय विभाग.

शाक्य, मोतिलक्ष्मी(ने.सं.११४२) *झीगु नेवाः संस्कार व संस्कृतिया धुकूपिकू.*कुतःपिकाक

श्रेष्ठ, निजिरोस, (ने.सं. ११४१). *स्यस्यसमाजया स्वक्वःगु ज्याःजंकु.* निजिरोस श्रेष्ठ.

श्रेष्ठ, रजमाइल (ने.सं.११२९). *ज्याः जंकु संस्कार(थौंकन्हे लयपौ, पूर्णाङ्क १५०).*रुक्मिणी श्रेष्ठ.

श्रेष्ठ, राजितबहादुर(ने.सं.११३१). *ज्याःजंकु संस्कारया ऐतिहासिकता(नेपालभाषा जर्नल अंक-४).*नेपालभाषा केन्द्रीय विभाग.

अन्तरवार्ताः
ज्ञानबहादुर आचार्य(५०) (जंकु नेवाःपुरेत)
तेजेश्वरबाबु ग्वंगः(९१) संस्कृतिविद्
जंकु अवलोकन
जगलाल श्रेष्ठ (७७) जंकु अवलोकन २०८२
पूर्णमान राजभण्डारी (७७) जंकु अवलोकन २०८२
मकवानपुर तिस्तुङ, बलराम श्रेष्ठ/ नक्कली श्रेष्ठ २०७७ माघ २९
सम्पर्कः ९८४१३६७८९६

**References**


Acharya, G. B. (2026). *Janku Newah Purohit* [Personal interview].

Ayog, Nepal Kanun. (2063 BS). *Jyeshtha Nagarik Sambandhi Ain* [Senior Citizens Act]. Nepal Government.

Chitrakar, S. (2073 BS). *Punjuya Kipah Sapu*. Nepal Lalitkala Pragya Pratishthan.

Joshi, H. (NS 1128). Janku wa Jamakwa. *Thaunkhanhe Layapau*, *2*(135). Rukmini Shrestha.

Joshi, R. L. (NS 1131 Kha). Jyajanku Samskaraya Aitihasikata [Historicity of the Janku Ritual]. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

Joshi, S. K. (NS 1131 Ka). Jya Janku. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

Juju, B. (NS 1119). *Newar Samskar wa Ukimya Vidhi*. Vaidik Pratishthan.

Pradhananga, R. (NS 1127). *Newah Sanskritiya Halanjwalan*. Nepal Sanskriti Layapau.

Rajbhandari, P. (2082 BS). *Janku avalokan* [Observation of Janku ritual].

Shakya, M. (NS 1142). *Jhigu Newah Samskar wa Sanskritiya Dhukupiku*. Kutahpikak.

Shakya, R. (NS 1131). Jya Jankui Chhyaligu Ratha [The Chariot of Jya Janku]. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

Shrestha, J. (2082 BS). *Janku avalokan* [Observation of Janku ritual].

Shrestha, N. (NS 1141). *Syasya Samajya Swakwogu Jyajanku*. Nijiros Shrestha.

Shrestha, R. (NS 1129). Jyajanku Samskar. *Thaunkhanhe Layapau*, (150). Rukmini Shrestha.

Shrestha, R. B. (NS 1131). Jyajanku Samskaraya Aitihasikata [Historicity of the Janku Ritual]. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

Shrestha, B. (2077 BS, Magh 29). *Janku avalokan* [Observation of Janku ritual], Makwanpur Tistung.

Singh, T. (NS 1131). Jya Jankuya Chitrakarita [Iconography of Jya Janku]. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

Sinya, I. (NS 1118). Bhimaratharohan Jya Janku. *Nepal Sanskriti*, (66). Chhatra Bahadur Kayastha.

Vajracharya, D. (NS 1129). *Bhima, Dewa wa Maharatharohan Pujavidhikriya*. Siddhi Dharma Harsha Dharmik Sanrakshan Sanstha.

Vajracharya, R. (2065 BS). *Newar Bauddha Samskar* [Newar Buddhist Rituals]. Nepal and Asian Research Centre, Tribhuvan University.

Vajracharya, V. (NS 1120). *Newah Samskar Parichay*. Nepal Ghah Chah Dhuku.

Vajracharya, V. (NS 1131). Jankuya Darshanik Paksha [Philosophical Aspects of Janku]. *Nepalbhasa Journal*, (4). Central Department of Nepalbhasa.

---

**Note on dates:**

- **NS** = Nepal Sambat (a lunar calendar used in Nepal).
- **BS** = Bikram Sambat (the official solar calendar of Nepal).

Views and opinions expressed in this article are the views and opinions of the author(s), *NPRC Multilingual Journal* shall not be responsible or answerable for any loss, damage or liability etc. caused in relation to/arising out of the use of the content.